# आइकम नेपाल

## साधारण सभा

## अध्यक्ष श्री बिजय कुमार शाहीको प्रतिवेदन

आदरणीय प्रमुख अतिथि श्री क्रिस्टियन म्यानहार्ट ज्यू, प्रमुख
युनेस्को काठमाडौं, नेपाल

सभामा उपस्थित आइकम नेपालका सदस्य ज्यूहरु तथा अन्य उपस्थित अतिथी वृन्द ।

सर्वप्रथम यहाँहरु सबैलाई आजको यस शुभ-अवसरमा हार्दिक स्वागत अभिवादन गर्दै आइकम नेपालको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु ।

विगत केही वर्ष अगाडिको पृष्ठभूमिको अवलोकन गर्दा तत्कालिन आइकम नेपाल र आइकम पेरिस वीच सुमधुर सम्बन्ध कायम रहेको पाइएन् । यसै सन्दर्भमा मिति २०७३ साल जेष्ठ १४ गते युनेस्को नेपालका प्रमुख श्री क्रिस्चियन म्यानहर्ट र आइकम फ्रान्सका प्रतिनिधिको समुपस्थितिमा एक बैठक गरी आइकम नेपाल राष्ट्रिय समिति गठन गरिएको थियो । त्यस बेला, सन् २०१६ मा ICOM का सदस्य रहेका ८ जना सदस्यहरु उपस्थित भएका थिए । सो वैठकले मलाई सर्व-सम्मतिले अध्यक्ष चयन गरेको थियो ।

त्यसपछि मैले यो आइकम नेपाल राष्ट्रिय समितिलाई नेपाल सरकारबाट वैधानिकता दिलाउने प्रयासमा लागेँ, जुन मेरो त्यस बेलाको प्रमुख उद्देश्य थियो । फलस्वरुप, मिति २०७३ साल भाद्र १८ गते बुधबार यो संस्थालाई नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति र समाज कल्याण परिषद्मा आबद्धता गरी मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा दर्ता गरियो । यो कार्यमा हाम्रो संस्थाका सदस्य श्री रमेश दवाडीको ठूलो योगदान रहेको छ । दर्ता भएको समयमा यस संस्थामा म लगायत ५ जना संचालक र युनेस्को नेपालबाट २ जना मानार्थ सदस्यहरु रहनु भएको थियो । यस संस्थाको संचालक समितिमा ७ जना संचालकहरु (अध्यक्ष सहित) रहने नियमावलीमा व्यवस्था गरिएको छ । नेपाल सरकारमा विधिवत दर्ता भएपछि यो संस्थाले देश भित्र र ICOM फ्रान्ससँग सम्पर्क र समन्वय गरी कार्य गर्दै आएको छ । आइकम नेपालको संचालक समितिले नै ICOM फ्रान्ससँग कारोबार गर्न ICOM Nepal National committee को रुपमा कार्य गरिरहेको छ र भविष्यमा पनि सो अनुसार नै कार्य गर्नेछ ।

सभामा उपस्थित आइकम नेपालका सदस्य ज्यूहरु तथा अन्य उपस्थित अतिथी वृन्द । अब म ICOM नेपालको स्थापना कालदेखि हालसम्म भए गरेका कार्यहरुको प्रतिवेदन प्रस्तुत गर्दछु ।

१. स्थापना पश्चात ICOM Nepal का सदस्य डा. श्री प्रेम सिंह बस्न्याँत असोज २०७३ मा चीनमा आयोजना भएको संग्राहलय सम्बन्धी प्रदर्शनीमा सहभागी हुनु भएको ।

२. मिति ५ माघ २०७३ देखि ८ मा २०७३ सम्म जनवरी १६ देखी जनवरी २२, २०१७ सम्म ICOM-ICR को विशेष परियोजना अन्तर्गतको चार दिने विशेष कार्यक्रम काठमाडौंमा सम्पन्न गरिएको ।

३. संस्थाका अध्यक्षबाट मिति २४ जेठ बाट २६ जेठ २०७४ सम्म ICOM पेरिसको वार्षिक वैठकमा सहभागी हुनु भएको ।

४. यस संस्थाका कोषाध्यक्ष श्री सुरेशमान लाखे मिति २०७४ साल कार्तिक महिनामा चीनको बेजिङ्गमा १० दिने संचालित संग्रहालय सम्बन्धी तालिममा सहभागी हुनु भएको ।

५. यस संस्थाका अध्यक्ष चीनको साङसी प्रान्तको ताइयुनमा आयोजना गरिएको सम्मेलनमा भदौ २०७४ मा एक हप्ता सहभागी हुनु भई प्रस्तुतिकरण दिनु भएको ।

६. यस संस्थाका सदस्य डा. श्री प्रेम सिंह वस्न्याँत मिति २९ भदौ देखि ३१ भ्दौ २०७४ सम्म दक्षिण कोरियाको सओङ्गवल सम्पन्न सम्मेलनमा सहभागी भई प्रस्तुतिकरण दिनु भएको ।

७. यस संस्थाका अध्यक्ष मिति १५ कार्तिक देखि १७ कातिक २०७४ सम्म इरानको चाबहार शहरमा आयोजितत ICOM ASPAC को सम्मेलनमा सहभागी भई प्रस्तुतिकरण दिनु भएको ।

८. यस संस्थाका सदस्य डा. श्री प्रेम सिंह बस्न्याँत चिनको बेजिङ्ग र सांघाईमा आयोजित सम्मेलनमा मिति १० मंसिर देखी १४ मंसिर २०७४ सम्म सहभागी भई प्रस्तुतिकरण दिनु भएको ।

९. मिति २०७३ साल आषाढ २८ मा नेपाल भ्रमणमा आउनु भएका ICOM ASPAC को अध्यक्ष Dr. Kidong तथा अन्य सदस्यहरुसँग यस संस्थाका अध्यक्ष तथा अन्य सदस्यहरुबाट भेटघाट गरी अन्तक्रिया गरिएको ।

१०. नेपाल भ्रमणमा आउनु भएका युनेस्को फ्रान्सका अध्यक्षलाई यस संस्थाका सदस्य डा. श्री प्रेमसिंह बस्न्याँतले भेटघाट गरी सम्झना स्वरुप उपहार प्रदान गर्नु भएको ।

११. यस संस्थाका सदस्य डा. श्री प्रेमसिंह बस्न्याँत, म्युजियम डे को अवसरमा मिति ४ जेठ देखि १० जेठ २०७४ सम्म बंगलादेशको ढाकामा सम्पन्न कार्यक्रममा सहभागी हुनुभएको ।

अब म आगामी आ.व. को कार्य योजना प्रस्तुत गर्दछु । आगामी आ.व. २०७४।०७५ को लागी यस संस्थाको कार्य योजना निम्नानुार रहेको छः-

1. नेपालमा संग्राहलय कानुन सम्बन्धमा एउटा विशेष कार्यक्रम संचालन गर्न ICOM फ्रान्ससँग आवश्यक वित्तिय सहयोगको माग राखी दरखास्त पठाइएको ।
2. Museum Day को अवसरमा संग्राहलय सम्बन्धी प्राय सबै विज्ञहरुलाई आमन्त्रण गरी एक गोष्ठीको आयोजना गरिने ।
3. यस संस्थाका सदस्यहरुको लागि Grant अनुरोध गरी तालिममा पठाउने ।
4. ICOM फ्रान्सको आगामी २०१८ को जुनमा आयोजना हुने वार्षिक वैठकमा सहभागी हुन यस संस्थाका संचालक श्री खड्ग बहादुर थापालाई पठाउने योजना रहेको । यसको लागि उहाँले Grant माग गर्न दरखास्त समेत दिनु भएको ।
5. संस्थाका अध्यक्ष तथा सदस्यहरुलाई विभिन्न वैठकमा सहभागी हुन पठाइने योजना रहेको ।
6. यस संस्थाद्धारा एक कार्य योजना तयार गरी ICOM-ICMS को सुरक्षा नीति भित्र रही संग्राहलय सुरक्षा तालिम संचालन गर्ने योजना रहेको ।
7. गत वर्षको आय-व्ययको संक्षिप्त रुपरेखा अर्थात लेखा परिक्षण विवरण यसै प्रतिवेदनमा संलग्न गरिएको छ । यस बारेमा कुनै कुरा थप प्रष्ट पार्नु पर्ने भएमा कोषाध्यक्ष श्री सुरेश लाखेले प्रकाश पार्नु हुनेछ ।
8. विभिन्न मुलुकका ICOM राष्ट्रिय समिति र क्षेत्रिय समितिसँग MOU गरी सहयोग आदान प्रदान गर्ने योजना रहेको ।
9. आगामी वर्षको लागि आय-व्ययको विवरण पनि कोषाध्यक्षबाट प्रस्तुत हुनेछ ।
10. ICOM Nepal र ICOM को सदस्य संख्या क्रमशः बढाउँदै लगिने योजना रहेको छ ।
11. अब म यस संस्थाले सामना गर्नु परेका चुनौतिहरुको सम्बन्धमा संक्षिप्त रुपले चर्चा गर्दछु ।

   (क) **<u>स्रोतको अभावः</u>** यो संस्था चलाउन कुनै स्रोतको नियमित व्यवस्था छैन । त्यसैले सबै सदस्यहरुलाई यसतर्फ ध्यानाकर्षण गराउन चाहन्छु । यस संस्थाको लागि सहयोग जुटाउन म तपाई सदस्यहरुको सहयोगको अपेक्षा गरेको छु ।

   (ख) **<u>सामान्य पूर्वाधारको अभावः</u>** यो संस्थाको कुनै कार्यालय छैन । साथै अन्य कुनै पनि पूर्वाधारको व्यवस्था यो संस्थासँग छैन । यस सम्बन्धमा पनि म तपाई सदस्यहरुको अमूलय राय-सल्लाहको अपेक्षा गरेको छु ।

(ग) **<u>अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा सम्पर्कको अभावः</u>** हाम्रो यस संस्थाले ICOM को अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थासँग सम्पर्क राख्नु पर्ने तड्कारो आवश्कता देखिएको छ । यसको लागि हामीले अन्य संस्थाहरुसँग MOU गर्नु पर्ने आवश्यकता देखिएको छ ।

(घ) **<u>आपसी समन्वय र सहयोगको अभावः</u>** मेरो करिब १ बर्षको अनुभवले यो प्रष्ट पारेको छ की हामी सदस्यहरुको बीचमा आपसी सहयोग र समन्वयको टडकारो अवश्यकता देखिएको छ । कुनै कुनै कार्यकारिणी सदस्यले १ बर्ष देखि संस्था संग सम्पर्क नगरेको सदस्यहरुलाई ई-मेल पठाउदा प्रति उत्तर नआएको यस्ता धेरै उदाहरणहरु छन् ।

अन्तमा, आजको यस साधारण सभाको लागि यो कार्यकक्ष उपलब्ध गराएर आतिथ्य प्रदान गर्नु भएकोमा युनेस्को नेपालका प्रमुख श्री क्रिस्टियन मानहर्ट र युनेस्को नेपाल परिवारलाई ICOM Nepal हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार व्यक्त गर्दछ । साथै उपस्थित सबै सदस्यहरुलाई समेत धन्यबाद प्रकट गर्दै मेरो यो प्रतिवेदन स्वीकृतिको लागि प्रस्ताव गर्दछु । धन्यवाद ।

स्थानः युनेस्को नेपालको कार्यालय
सानेपा, ललितपुर
मितिः- २०७४ पुष २६ गते,बुधबार

बिजय कुमार शाही
अध्यक्ष
आइकम नेपाल